# चौकुने गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड : १ | संख्या : ३ | मिति : २०७५ असोज २५ गते |
|---|---|---|


## भाग-१

# चौकुने गाउँपालिका

## गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन

## २०७४

**प्रस्तावना:**

गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम चौकुने गाउँसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस को नाम “गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ ।

(घ) “कार्यपालिका” भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ङ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ ।

(च) “पूर्वाधार” भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) “जलश्रोत” भन्नाले गाउँपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) “उपभोक्ता संस्था” भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्दछ ।

(ञ) “अमानत” भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ ।

## परिच्छेद २

## स्थानीय सडक तथा यातायात व्यवस्थापन

**३. स्थानीय सडकहरुको बर्गिकरण :** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सडक बिस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको बर्गिकरण र बृहत्तर सडक सञ्जाल गूरुयोजना तयार गर्नेछ ।

(२) गाउँपालिका स्तरमा मूख्यतः निम्नानुसारका सडकहरु रहनेछन् :

(क) पालिका सडक : गाउँपालिकाको मध्य र महत्वपूर्ण स्थानमा रहेको सडक पालिका सडकको रुपमा बर्गिकरण गरिनेछ । यस्ता सडकको चौडाई न्यूनतम दश मिटर हुनु पर्नेछ ।

(ख) वस्ती सडकः गाउँपालिकाका बस्तिहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा बर्गिकरण गरिनेछ । यस्ता सडकहरु छ देखि आठ मिटरसम्म चौडा हुनेछन् ।

(ग) कृषि सडकः गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन् । यसको न्यूनतम चौंडाई ४ मिटर हुनुपर्दछ ।

(घ) घोडेटो मुल बाटो : मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा वढी गाउँ वस्ती जोडने बाटोलाई घोडेटो मुल बाटो को रुपमा वर्गिकरण गरिने छ । यसको न्यूनतम चौडाई २ मिटरको हुने छ ।

(ङ) गोरेटो बाटो : मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडक सम्म जोडिने अधिकतम १ किमी लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ । यसको चौडाई न्यूनतम ३ फिटको हुने छ ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत वढी हुनेगरी निर्माण गर्नु पर्दछ ।

**४. <u>मापदण्ड निर्धारण गर्ने</u>** : (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्ने छ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने** : (१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काईने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटि लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा सम्बन्धीत जग्गा धनी र गाउँपालिकावीचको आपसी सहमतीमा मात्र सडक वा पूर्वाधार बनाउनु पर्नेछ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउने नहुने** : (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

## परिच्छेद ३

**जलस्रोतहरुको संरक्षण र उपयोग**

**७. जलश्रोतको उपयोग :** (१) गाउँपालिका भित्र रहेका भूमिगत वा सतही जलश्रोतको अनाधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) जलश्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छ :-

क) पिउने पानी

ख) सिँचाई

ग) पानी घट्ट, औद्यागेगिक वा निर्माण प्रयोजन

घ) जलविद्युत

ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(३) गाउँपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार गाउँपालिकालाई हुनेछ । मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**८. अनुमति लिनु पर्ने** : (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन् :

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न ,

(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरंजनात्मक क्रियाकलाप सञ्चालन गर्न ,

(ङ) व्यवसायिक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसायीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए वमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ ।

(३) सो सम्वन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायीक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायीक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि नेपाल सरकारको जलश्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन् ।

९. **खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायीक लाभ व्यवस्थापन** :- (१) गाउँपालिका क्षेत्र भित्र खानेपानी, सिँचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्न परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल उलभोक्ता संस्था को गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्ने छ ।

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र गाउँपालिकामा दर्ता गराउनु पर्दछ ।

१०. **जल उपभोक्ता संस्थाको गठन** : (१) दफा ११ वमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ७ देखि १३ जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित गाउँपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ :

(क) अनुसूची २ बमोजिमको ढाचामा उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुने छ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ । अर्को पटकको लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नुपर्ने छ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए वमोजिम हुने छ । यस संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नुपर्ने कर फर्स्यौट गर्नुपर्ने छ । गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके वमोजिमको जलस्रोत उपयोग कर तिर्नुपर्ने छ ।

(६) यसरी तोकिए वमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ ।

**११. <u>जलस्रोतको ब्यवसायीक उपयोगका लागि अनुमति लिनुपर्ने</u>** : (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेगावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको ब्यवसायीक उपयोगका लागि सो को उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा १ वमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(घ) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक ्जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वा तावरणीय जोखिम न्यूनीकरणका शर्तहरू तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद ४

## <u>स्थानीय खानेपानी तथा सिंचाई ब्यवस्थापन सम्बन्धी व्यवस्था</u>

**१२. <u>स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने</u>** : (१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा वढि खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो वोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नुपर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछ :-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(ज) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व

(झ) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । वोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मतसम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफैं गर्न सक्नेछ।

**१३. खानेपानी तथा सिंचाईको शुल्क निर्धारण**: (१) खानेपानीको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गर्नेछ :-

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| (ख) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि | सदस्य |
| (ग) गाउँपालिकाको लेखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद ५

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

**१४. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुनेः** (१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसंग सम्बन्धित गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र नर्म्स तयार गर्नेछ।

**१५. भवनको दर्ता** : (१) गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ।

**१६. भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्रभित्र पक्कि भवन -आरसिसी स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिँदा नक्सा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ।

(२) आवासिय भवनको हकमा २५० बर्ग मिटर सम्मको भवन बनाउंदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ। सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्यूनतम ५ फिट सेटव्याक छोड्नु पर्दछ।

१७. **बस्ति विकासको लागि अनुमति दिने**: (१) गाउँपालिका भित्र कुनै व्यक्ति समूदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट बस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा बस्ती विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ ।

**परिच्छेद ६**

**पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था**

१८. **पूर्वाधार आयोजना तर्जुमा** : (१) स्थानीयस्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि गाउँ सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम उल्लेख गरि आयोजनाको विवरण तयार गर्नु पर्नेछ :-

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

१९. **लागत अनुमान तयार गर्नुपर्ने :** (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि वजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराएर मात्र निर्माण कार्य अघि वढाउनु पर्नेछ । प्रमुख प्रशासकिय अधिकृतले स्विकृति दिदा गाउपालिकाको अध्यक्षको परामर्स लिनु पर्नेछ ।

२०. **पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन** : (१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ :-

(क) रु. एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट

(ख) रु. दश लाख सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

(ग) उन्नाइस लाखसम्मका आयोजना वा कार्यक्रम स्थानिय निर्माण व्यवशायी मार्फत मात्र

(घ) रु. बीस लाख देखि दुइ करोठ सम्मका आयोजना वा कार्यक्रम घ बर्गका निर्माण व्यवशायी मार्फत मात्र

(ङ) दुई करोठ भन्दा माथिका आयोजना वा कार्यक्रम वा संघीय ऐनले तोके वमोजिमका निर्माण व्यवसायी मार्फत मात्र

(च) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत

२१. **उपभोक्ता समिति मार्फत गर्न सकिने :** (१) रु. दश लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।

(२) उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ५ देखि ९ जना सम्मको समिति गठन गरिने छ। यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनुपर्ने छ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुने छ। निर्माण सकिएपछि पनि निर्माण अवधि वरावरकै बाँकी समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिने छ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १० प्रतिशत नगद लागत सहभागिता र १५ प्रतिशत श्रमदान गर्नु पर्नेछ।

(५) नगद सहभागीताको रकम सम्वन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्ने छ।

(६)उप दफा ४ वमोजिमको रकम उठ्न सक्ने अवस्था नदेखिएमा स्थानिय निर्माण व्यावसायीद्धारा प्रतिस्पर्धाका आधारमा निर्माण कार्य गराइनेछ।

२२. **स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः** (१) गाउँपालिका ले १९ लाख रूपैयाँ सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ।

(२) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनुपर्ने छ :

(क) न्यूनतम रु. २ लाख सम्मको चालू पूँजी भएको

(ख) ब्यक्ति वा ब्यवसायको नाममा गत आर्थिक वर्षमा न्यूनतम रु. ५ लाख सम्म वैंकीङ कारोबार गरेको

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा रु. ३ लाख सम्मको निर्माण ब्यवशाय नियमावलीको अनुसूचि १० बमोजिमका उपकरण चालू हालतमा रहेको।

(३) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले ब्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम गाउँपालिका कार्यालयमा अनुसूचि ३ बमोजिमको फरमको ढाँचामा आवेदन दिनु पर्नेछ।

(४) उपदफा(२) बमोजिम योग्यता पुगेका समूह वा व्यक्तिलाई गाउँपालिका कार्यालयले सम्बन्धित गाउँपालिकामा निर्माण कार्य गर्न अनुसूचि ४ को ढाँचामा ब्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ।

(५) उपदफा (२) बमोजिमका स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिनाभित्र नवीकरण गराउनु पर्दछ।

(६)

द्रष्टब्य : उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रको कागजातहरु पेश गर्नुपर्नेछ।

२३. **स्थानीय निर्माण व्यवसायी बाट पूर्वाधार निर्माण गराइने :** (१) गाउँपालिकाले दफा २२ वमोजिमका स्थानीय निर्माण व्यवसायीहरु मार्फत रु. उन्नाइस लाख सम्मको काम गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आपसी प्रतिस्पर्धाका आधारमा छनोट गर्न सक्ने छ।

(३) गाउँपालिकामा दर्ता भएका व्यवसायीहरु मध्येबाट निर्माण कार्यका लागि देहायको व्यवस्था हुनेछ :

क) रित पूर्वक गाउँपालिकाको संक्षिप्त सूचीमा सूचिकृत व्यवसायीहरु मध्ये बाट १५ दिनको सूचना दिई प्रस्ताव माग गर्न सकिने ।

ख) प्रस्ताव माग गर्दा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउनु पर्ने ।

ग) न्यूनतम कवोल गर्ने व्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिनभित्र सम्झौताका लागि आव्हान गर्ने ।

घ) छानिएका व्यवसायीले कवोल रकमको १०% बैंक ग्यारेन्टी सहित सम्झौताका लागि आउनु पर्ने ।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उपकरार गर्न सकिने छैन । कुनै कारणवश आफैंले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना गाउँपालिकालाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएमा गाउँपालिकाले सो सम्बन्धमा जाँच गरी सो सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको मितिले पैंतीस दिनभित्र गाउँपालिका कार्यालयमा पेश गर्नु पर्दछ ।

२४. **पूर्वाधार मर्मत संभार कोषः** (१) गाउँपालिका भित्र रहेका गाउँ स्तरीय वा केन्द्र /प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी ईत्यादिबाट प्राप्त रोयल्टि रकमको ३० प्रतिशत रकम दाखिला गरीनेछ ।

## परिच्छेद ७

## पूर्वाधार अनुगमन तथा मूल्याँकन सम्बन्धी व्यवस्था

२५. **पूर्वाधार अनुगमन समितिको गठन :** गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरु को गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि सम्वन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | अध्यक्ष |
| (ख) पूर्वाधारको मूख्य काम हुने वडाको वडाध्यक्ष | सदस्य |
| (ग) स्थानीय विज्ञहरु मध्ये कार्यपालिकाले तोकोको एक महिला सहित २ जना | सदस्य |
| (घ) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख | सदस्य सचिव |

२६. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२७. **अनुगमन पश्चात निर्देशन दिन सक्ने** : (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो वमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ ।

२८. **सहमति दिनुपर्ने** : गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना वा गाउँपालिका आफैंले सञ्चालन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्नेछ ।

२९. **कारबाहीको सिफारिस गर्न सक्ने** : गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापरबाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्वन्धित निर्माण व्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

३०. **कालो सूचीमा राख्ने** : (१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सवै प्रकारका निर्माण व्यवसायीलाई भविश्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ :

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई संझौता गरेर १ महिना सम्म काम शुरु नगरेमा

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(च) निर्धारित समयमा कार्य सम्पन्न गर्न नसकेमा

(छ) अन्य यस्तै कुनै कसूर गरेमा

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ ।

३१. **प्राविधिक मूल्याँकन गर्नु पर्ने :** (१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्याँकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित् गरीनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ८

## सार्वजनिक निजी साझेदारीमा पूर्वाचार संरचनाको निर्माण तथा सञ्चालन

३२.. **निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने** : (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनी संग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई सँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझोदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी नीजि साझेदारसंग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ :-

(क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्सेसन : सम्झौतामा तोकिए बमोजिम वा अधिकतम २२ वर्ष ।

**३३. प्रस्ताव आव्हान गर्न सक्ने :** (१) गाउँपालिकाले दफा (३३) बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोलि प्रस्ताव पेश गर्नु पर्दछ :-

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) बित्तिय श्रोत

(ग) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(च) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईन

(छ) प्रस्तावित शुल्क र करार अवधी

**३४. प्रस्ताव छनौट र संझौता** : (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्धारा तपसीलका आधारहरुमा मूल्याँकन गराई प्रस्ताव छनोट गर्न सक्ने छ :

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधी

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावक संग गाउँपालिकाले अवधि किटान गरि साझेदारी सम्झौता गर्न सक्नेछ ।

**३५. संचालन तथा व्यवस्थापनः** (१) संझौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धीत साझेदारको हुनेछ । सम्झौतामा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एकअर्कोलाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्ने छ ।

## परिच्छेद ९

## वातावरण, भूसंरक्षण तथा वैकल्पीक उर्जा

३६. **वातावरणीय प्रभाव मूल्याँकन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले सठी लाख देखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्ने छ ।

(२) आयोजनाको वातावरणीय परिक्षण र स्विकृति गाउँपालिका स्वयंले गर्न सक्नेछ ।

(३) वातावरणीय परिक्षण प्रतिवेदन स्विकृतिको लागि सो को प्रतिलिपि गाउँपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी ७ दिनको म्याद सहित सूझाब माग गर्नु पर्नेछ ।

३७. **बैकल्पिक ऊर्जालाई प्रोत्साहन** : पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्ने छ ।

(१) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।

(२) घरेलु सौचालयलाई बायोग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेप्टिक टैंक वनाउने घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोतमा १० प्रतिशत सम्म छुट दिन सक्ने छ ।

३८. **भूक्षय नियन्त्रण सम्वन्धी कार्य गर्न सक्ने**: (१) गाउँपालिका भित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समूदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्वन्धित क्षेत्रका ब्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्ने छ ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र ब्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्‍याउने खालको हुनु हुँदैन ।

(४) प्रस्तावित स्थल उपयूक्त देखेमा गाउँपालिकाले अधिकतम १० वर्षका लागि वृक्षारोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ ।

(५) उपरोक्त बमोजिम अनुमति दिंदा सडक छेउको हकमा सम्बन्धीत संधियारलाई प्राथमिकता दिनु पर्नेछ ।

३९. **फोहरमैला तथा फोहरपानी व्यवस्थापन**: (१) गाउँपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्ने छ ।

(२) गाउँपालिका भित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण गर्न अन्य गाउँपालिका संग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद १०

## विविध

४०.. **अन्तर स्थानीय समन्वय**: (१) एक भन्दा बढी स्थानिय तह जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँ कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

**४१. प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४२. **नियम वनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

४३. **बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

## अनुसूची (१)

दफा २ को खण्ड (च) सँग सम्बन्धित

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाई र तटबन्द सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन

(ग) स्थानीय स्तरमा ट्रली वस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(घ) (ङ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन

(ङ) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयवन र नियमन

(च) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी

(छ) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(ज) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयवन र नियमन

(झ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन

(ञ) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालनर र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन

(ट) स्थानीय तटबन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ठ) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(ड) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धी तथा प्रवर्द्धन

## अनुसूचि- २

(दफा १० को उपदफा २ को खण्ड (क) सँग सम्वन्धित )

## विधान

...........................................................उपभोक्ता/संस्था समितिको विधान २०७५......

# प्रस्तावना

..................समस्या र आवश्यकतालाई ध्यानमा राखेर उपलब्ध सिमित श्रोत र साधनबाट निर्माण हुने भएका आयोजनाहरुको दिर्घकालिन उपयोग गराई स्थानीय वासीन्दाहरुलाई .... सुविधा पुऱ्याउन, सरसफाईको स्तर बृद्धि गराउन र जीवनस्तर उठाउन मद्दत पुऱ्याउने उद्देश्यले .कर्णाली प्रदेश सुर्खेत जिल्ला चौकुने गाउँ पालिका .........का स्थानीय ...................... समूहको आपसी सरसल्लाह र सहमतीमा .................. उपभोक्ता समिति गठन गरी आयोजनालाई स्थायीत्व दिनको लागि यो विधान तयार गरी जारी गरिएको छ ।

## परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ** : यो विधानको नाम ................. उपभोक्ता समिति २०.... रहने छ ।

क) ठेगाना ................................मा रहने छ ।

ख) यो विधान चौकुने गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७४अनुसार गाउँपालिकामा दर्ता भएको मिति देखि प्रारम्भ भएको मानिने छ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा उल्लेख भएको शब्दहरुले निम्न बमोजिमको अर्थ बुझाउने छ ।

क) विधान भन्नाले .................. समितिको विधान २०.... लाई जनाउने छ ।

ख) समिति भन्नाले यस विधान बमोजिम गठन भएको ................. समिति भन्ने सम्झनु पर्दछ ।

ग) आयोजना क्षेत्र भन्नाले आयोजना लागु भई उक्त आयोजनाबाट प्रत्यक्ष लाभ पुऱ्याउने क्षेत्र मात्र सम्झनु पर्छ ।

घ) अध्यक्ष भन्नाले यो विधान बमोजिम गठन भएको समितिको अध्यक्ष भन्ने जनाउछ ।

ङ) उपाध्यक्ष भन्नाले यो विधान बमोजिम गठन भएको समितिको उपाध्यक्ष भन्ने जनाउछ ।

च) कोषाध्यक्ष भन्नाले यो विधान बमोजिम गठन भएको समितिको कोषध्यक्ष भन्ने जनाउछ ।

छ) सचिव भन्नाले यो विधान बमोजिम गठन भएको समितिको सचिव भन्ने जनाउछ ।

ज) सदस्य भन्नाले यो विधान बमोजिम गठन भएको समितिको सदस्य भन्ने जनाउछ ।

झ) पदाधिकारी भन्नाले यो विधान बमोजिम गठित समितिका सदस्य लगायतका पदाधिकारी भन्ने जनाउछ ।

ञ) कोष भन्नाले समितिले उपभोक्ताहरुबाट संकलन गरेको रकम र आयोजना सम्बन्धी कामबाट प्राप्त वा अन्य श्रोतहरुबाट प्राप्त रकमलाई जनाउदछ ।

ट) उपभोक्ता समूह भन्नाले ओगट्ने क्षेत्र भित्रको प्रत्येक घरधुरीबाट १८ वर्ष पुरा भएको एक जनाको दरले बनेको उपभोक्ताहरुको समूहलाई जनाउदछ ।

## परिच्छेद - २

## उपभोक्ता समिति र समूह :

**३. समितिको उदेश्य** : समितिको गठन देहाय बमोजिमको उद्देश्यहरुको लागि रहनेछन् ।

क) सम्बन्धीत क्षेत्रमा निर्माण हुनलागेको वा सम्पन्न भएको ........ आयोजनाको संरक्षण एवं सम्वर्द्धन गर्ने ।

ख) आयोजना निर्माण वापत प्राप्त रकमको उचित परिचालन गर्ने ।

ग) आयोजना मर्मत सम्भार तथा सुचारु रुपले संचालन गर्नको निमित्त उपभोक्ताहरुसंग नियमित रुपमा रकम संकलन गरी समितिको कोषमा जम्मा गर्ने ।

घ) उपर्युक्त एवं भरपर्दो किसिमको खानेपानी तथा सरसफाई आयोजनाको स्थापना, संचालन, मर्मत संभार एवं विकास गर्ने ।

ङ) आयोजना मर्मत संभार तथा रेखदेखको निमित्त आवश्यक मर्मत संभार कर्मचारी राखी नियमित रुपमा आयोजनाको रेखदेख गर्न लगाउने ।

च) खा.पा.का. लाई समुदाय परिचालन एवं आवश्यक जनसहभागिताको व्यवस्था गर्न गराउन सहयोग गर्ने ।

छ) खानेपानी सम्बन्धी कुनै विवाद आएमा समाधान गर्ने, गराउने ।

ज) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरुलाई सचेत गराउने तथा जनचेतना अभिबृद्धि गर्ने ।

झ) आयोजना सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

## ४. उपभोक्ता समूहको भेला :

क) साधारणतया उपभोक्ता समूहको भेला कम्तिमा वर्षमा १ पटक हुनेछ ।

ख) आयोजना क्षेत्रको २० प्रतिशत सदस्यहरुले अध्यक्षसमक्ष लिखित अनुरोधगरेमा वा समितिका सम्पूर्ण सदस्यको बहुमतले उपभोक्ता समुहको भेला बोलाउन अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र उपभोक्ता समितिको भेला बोलाउनु पर्नेछ ।

ग) उपभोक्ता समूहको भेला हुने मिति, समय, स्थान अध्यक्षले तोके बमोजिम हुनेछ ।

घ) उपभोक्ता समूहको भेलाको अध्यक्षता समितिको अध्यक्षले, निजको अनुपस्थितीमा उपाध्यक्षले र निजको पनि अनुपस्थिती रहेमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

ङ) उपभोक्ता समूहको भेला ३ (तिन) दिन अगावै सबै उपभोक्ताहरुलाई भेला हुने स्थान, समय, मिति र सो भेलामा छलफल हुने विषयहरु समेत खुलाई सार्वजनिक रुपमा जानकारी दिईनेछ ।

च) साधारण सभाको लागि सम्पूर्ण उपभोक्ता संख्याको ५० प्रतिशत उपस्थितीलाई गणपुरक संख्या मानिनेछ ।

छ) पहिलो पटक सूचना दिई गराईएको भेलामा बस्दा गणपुरक संख्या नपुग भएमा दोश्रो पटक ३ (तिन) दिनको म्याद दिई भेला हुने पुनः सूचना दिईनेछ ।

ज) यसरी गणपुरक संख्या नपुगी दोश्रो पटकको सूचना बमोजिम भेला हुदा कुल उपभोक्ता संख्याको २५ प्रतिशत उपभोक्ताहरुको उपस्थितीलाई गणपुरक संख्या पुरा भएको मानिनेछ ।

झ) अन्यथा उल्लेख भए बाहेक कुनै पनि निर्णय उपस्थित सदस्यको बहुमतबाट गरिनेछ ।

ञ) पहिलो पटकको भेला गा.वि.स. को अग्रगामित्वमा बस्न सक्नेछ ।

ट) भेलामा संभव भएसम्म सम्बन्धीत क्षेत्रको सांसद,गाउँलिका अध्यक्ष, वडा अध्यक्ष र वडा समितीका सदस्यहरुलाई आमन्त्रीत गर्न सकिनेछ ।

## ५. उपभोक्ता समूहको काम कर्तब्य र अधिकार :

क) आयोजना निर्माण, संचालन र मर्मत संभारकालागि आवश्यक विधान पारीत गरी लागू गराउने ।

ख) उपभोक्ता समूहको भेलाद्वारा उपभोक्ताहरु मध्येबाट समितिको पदाधिकारीहरुको छनौट गर्ने ।

ग) समितिको खर्चको लेखा परिक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

३) आयोजनाको आर्थिक श्रोतको आधारमा उपभोक्ता समितिले तयार गरी पेश गरेको वार्षिक आय व्ययको अनुमान स्वीकृत गर्ने ।

ङ) आयोजनाको दिर्इकालिन संचालनका लागि आवश्यक पर्ने काम कार्यवाहीमा समितिलाई सहयोग पुऱ्याउने ।

## ६. खानेपानी उपभोक्ता तथा सरसफाई समितिको गठन :

क) आयोजना क्षेत्र भित्रका उपभोक्ताहरुको भेलाले सबै धाराबाट प्रतिनिधित्व हुने गरी आफूमध्येबाट एक खानेपानी उपभोक्ता तथा सरसफाई समिति गठन गर्नेछ । सो समितिमा दलित तथा उपेक्षित वर्ग समेतको प्रतिनिधित्व हुने गरि कम्तीमा ३ जना महिला समेत बढीमा ११ जना सदस्य रहने छन् । यसरी समिति गठन गर्दा सो क्षेत्रका सम्पूर्ण उपभोक्ताहरु मध्ये ५० प्रतिशत भन्दा बढी घरधुरीका उपभोक्ताहरुको उपस्थितीबाट छनौट भएको हुनुपर्नेछ । सानो प्रणालीको लागि उपभोक्ता समितिमा ७ देखि १३ जना सम्मको समिति हुनसक्छ ।

ख) यसरी गठित समितिका पदाधिकारीहरु निम्न बमोजिम हुनेछन् :

१. अध्यक्ष १

२. उपाधयक्ष १
३. कोषाध्यक्ष १
४. सचिव १
५. सह- सचिव १
६. सदस्य बढीमा ८ जना सम्म । महिला कम्तिमा ४ जना हुनपर्ने छ ।

ग) उपभोक्ता समितिको पदाधिकारीहरुको पदावधि तीन वर्षको हुनेछ र कुनै पदाधिकारी पुनः छनौट हुन सक्नेछ ।

## ७. खानेपानी उपभोक्ता तथा सरसफाई समितिका पदाधिकारीहरको योग्यता :

क) परिपक्क, सक्रिय र समितिको कामको लागि समय दिन सक्ने ।
ख) विभिन्न उपभोक्ता समूहको प्रतिनिधित्व गर्न सक्ने ।
ग) उपभोक्ताहरुलाई संगठन गर्न सक्षम भएको ।
घ) गाउले वा उपभोक्ताहरुको आदर, विश्वास प्राप्त भएको ।
ङ) आफ्नो घर आगन सरसफाई गर्ने बानी भएको, चर्पी बनाएको वा चर्पी बनाउने जोश जाँगर भएको, फोहर मैलाको उचित तरिकाबाट तह लगाउने जस्ता स्वास्थ्य तथा सरसफाईको काममा सधै अगुवा भै गाउँलेहरुको बीच उदाहरणको रुपमा प्रस्तुतहुन सक्ने ।
च) तालिममा सहभागी हुन सक्ने र खानेपानी आयोजनाको तर्जुमा, निर्माण कार्य संचालन तथा मर्मत संभारमा निरिक्षण, मुल्यांकन तथा अनुगमन जस्ता विभिन्न कार्यका लागि व्यवस्थापन गर्ने जिम्मेवारी बहन गर्नसक्ने ।
छ) दृश्य वा अदृश्य रुपमा खानेपानी आयोजना वा अन्य ठेकेदारी काममा संलग्न नभएको वा हुन नहने ।
ज) समितिका पदाधिकारीहरु साधारणतया लेखपढ गर्न सक्ने हुनुपर्ने छ ।
झ) नेपालको नागरिक हुनुपर्ने

## ८. समितिका पदाधिकारीहरुको अयोग्यता :

क) मानसिक वा शारिरीक रुपले अस्वस्थ भएको ।
ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको ।

## ९. उपभोक्ता समितिको भेला :

क) उपभोक्ता समितिको भेला कम्तिमा ३ महिनामा १ पटक (वर्षको ४ पटक) बस्नेछ, आवश्यकता अनुसार थप भेला राख्न सकिनेछ ।
ख) समितिको भेला अध्यक्षले तोकेको समय, मिति र स्थानमा सचिवले बोलाउनेछ ।
ग) समितिको भेलाको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितीमा उपाध्यक्षले र निजको पनि अनुपस्थिती रहेमा समितिको भेलामा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।
घ) समितिको भेलामा ५० प्रतिशत सदस्यहरुको उपस्थितीलाई गणपुरक संख्या मानिनेछ ।
ङ) उपभोक्ता समितिको भेलाको सूचना भेला बस्नु भन्दा कम्तिमा ३ दिन अगावै समितिका सदस्यहरुलाई दिनुपर्नेछ ।
च) पहिलो पटक सूचना गरी बसेको उपभोक्ता समितिको भेलामा गणपुरक संख्या नपुगेमा दोश्रो पटक पुनः ३ दिनको सूचना गरिनेछ ।
छ) दोश्रो पटक सूचना गरी बोलाइएको भेलामा ३५ प्रतिशत सदस्यहरुको उपस्थितीलाई गणपुरक मानिनेछ ।
ज) अन्यथा उल्लेख भएबाहेक कुनै पनि निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट गरिनेछ ।
झ) भेला सम्बन्धी अन्य कार्यविधी समिति आफैले निर्धारण गर्नेछ ।

## १०. विशेष भेलाको व्यवस्था :

३५ प्रतिशत भन्दा बढी सदस्यले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र विषेश भेला बोलाईनेछ ।

## ११. उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार :

उपभोक्ता समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) उपभोक्ता समूहको भेलाले पारीत गरेको निर्णयहरु खानेपानी कार्यालयमा पठाउने र  सोको कार्यान्वयन गर्ने, गराउने ।

ख) समितिको प्रतिनिधित्व गरी आयोजनको सम्झौता गर्ने ।

ग) संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार तथा दातृ संस्थाबाट उपलब्ध साधन श्रोतको परिचालनको साथै आयोजनालाई आवश्यक पर्ने स्थानीय श्रोत साधन समेत उपलब्ध गर्न गराउन खानेपानी कार्यालयलाई सहयोग गर्ने ।

घ) आयोजनाको निर्माण अवस्था देखिनै व्यवस्थित रुपमा सरसफाई कार्यक्रमहरु संचालन गर्ने गराउने ।

ङ) आयोजना शुरु हुदा देखिने आवश्यक मात्रामा जनसहभागिता जुटाउने व्यवस्था मिलाउने ।

च) मर्मत संभार कोष खडा गर्नको लागि खानेपानी विभागबाट तोकिएको रकम सम्बन्धीत उपभोक्ताहरुबाट संकलन गर्ने ।

छ) आयोजनाको मर्मत संभार, रेखदेख तथा सुचारु रुपले संचालन गर्नका लागि उपभोक्ताहरु संग नियमित रुपले प्रत्येक महिना रकम संकलन गरी समितिको कोषमा जम्मा गर्ने ।

ज) आयोजनाको मूल, जग्गा तथा पाईप लाईन सम्बन्धी वा अन्य कुनै कुराको विवाद उठेमा सोको समाधान गर्ने र सोको जानकारी खा.पा.का.मा दिने ।

झ) आयोजना सुचारु रुपले संचालन गर्न तथा रेखदेख गर्नका लागि आवश्यक संख्यामा मर्मत संभार कर्मचचारीको छनौट गर्ने र निजको पारिश्रमिक तोक्ने तथा सोको जानकारी खा.पा.का.मा दिने ।

ञ) समितिले आफ्नो कार्य नियमित एवं सुचारु रुपले संचालन गर्न आवश्यकता परेमा आफ्नो मातहतमा उपसमिति गठन गर्न सक्नेछ ।

ट) आयोजना हस्तान्तरण भैसकेपछि थप धाराहरुको माग भै आएमा पानीको श्रोत पर्याप्त भै पानी संचालनमा कुनै बाधा नपर्ने भएमा समितिको भेलाबाट निर्णय गराई खा.पा.का.बाट स्वीकृती लिई थप धारा दिन सक्नेछ ।

ठ) आयोजनाको हानी नोक्सानी गर्ने व्यक्तिलाई उचित कार्यवाही गर्ने र दण्ड जरिवाना तोक्ने ।

ड) आयोजनामा प्राकृतिक प्रकोप जस्तै : भूकम्प, बाढी पहीरो आदिले क्षती गरेमा मर्मत संभार गरी सोको खा.पा.का.लाई जानकारी दिने र समितिले गर्न नसक्ने भएमा पुनः निर्माणका लागि खा.पा.का.मा रितपूर्वक माग गर्ने ।

ढ) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरुलाई सचेत गराउने तथा सो बारे जनचेतना अभिबृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गर्ने ।

ण) फोहर फाल्ने खाडल, चर्पी आदि आयोजना क्षेत्रका घर परिवार तथा सार्वजनिक स्थलहरुमा बनाउने तथा बनाउन लगाउने ।

त) मर्मत संभार कार्यकर्ता एवं स्वयंसेवक तथा स्वयंसेवीकाहरुको सहयोगबाट खानेपानी प्रणाली संचालन संभारको साथै स्वास्थ्य शिक्षा, सरसफाई एवं वातावरण संरक्षण अभियान सुचारु रुपले संचालन गर्ने तथा चालु राख्ने ।

थ) आयव्ययको हिसाब राम्रोसंग राखी वार्षिक रुपमा लेखा परिक्षण गराउने र सोको अनुमोदनका लागि उपभोक्ता समूहको भेलामा राख्ने र त्यसको जानकारी खा.पा.का.लाई पठाउने ।

द) समितिको कोष व्यवस्थित बनाउन बैंकमा खाता खोली जम्मा गर्ने र आवश्यक परेको बेलामा समितिबाट पासगराई झिक्ने ।

ध) समितिको कुनै पद रिक्त हुन आएमा उपभोक्ता समुहको भेला नभएसम्मका लागि उपभोक्ता समूह मध्येबाट समितिको वैठकले त्यस्तो पदमा मनोनित गर्ने र पछि उपभोक्ता समूहको भेलाबाट सोको अनुमोदन गराउने ।

न) नियमानुसार समितिलाई प्रत्येक वर्ष नविकरण गराउने ।

प) समिति वा स्थानिय उपभोक्ताबाट गराउने भनि मञ्जुर गरिएको काम प्रत्यक्ष वा अप्रत्यक्ष तवरले अन्य ठेकेदारबाट गर्न वा गराउन पाईनेछैन ।

फ) यी माथी उल्लेख गरिएको बाहेक समितिको अन्य काम कर्तब्य र अधिकार उपभोक्ता समूहको भेलाले निर्धारण गरे बमोजिम हुनेछ ।

## १२. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

**१२.१. अध्यक्ष :** अध्यक्षको काम, कर्तब्य र अधिकार देहाए बमोजिम हुनेछ ।

क) उपभोक्ता समूह र उपभोक्ता समितिको भेलाको अध्यक्षता गर्ने, प्रत्येक निजी वा सार्वजनिक धाराबाट पानी महशुल संकलन गर्ने र सो रकमको कोष बाँधि आयोजना संचालन मर्मत सम्भार कार्यमा प्रयोग गर्ने ।

ख) उपभोक्ता समूह र उपभोक्ता समितिको भेला हुने मिति, समय र स्थान तोक्ने आयोजना निर्माण, मर्मत अवधिमा उ.स.ले गरेको कार्यको खा.पा.का.बाट भएको भुक्तानी विवरण, निर्माण सामाग्री, कार्यसंलग्न

कामदारहरुको पुरा तथा आंशिक ज्याला भुक्तानी तथा जनश्रमका छुट्टा छुट्टै विवरण राख्ने तथा खा.पा.का.बाट भुक्तानी भएको रकम कोषमा जम्मा गर्ने ।

ग) उपभोक्ता समितिको भेलामा मत बराबर भए निर्णायक मत दिने ।

घ) आयोजना बारे दैनिक जानकारी राख्ने ।

ङ) समय समयमा खा.पा.का.लाई आयोजनाको अवस्था बारेमा जानकारी गराउने ।

च) आफ्नो समूहका उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

**१२.२. उपाध्यक्षः** उपाध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले सम्हालेको सम्पूर्ण कार्य गर्ने ।

ख) अध्यक्षलाई कार्य सम्पादनमा सहयोग पुऱ्याउने ।

ग) अधयक्षको निर्देशानुसार आयोजनाको स्थायीत्वको लागि विभिन्न कार्य गर्ने ।

घ) आफ्नो समूहका उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

**१२.३. कोषाध्यक्ष** :कोषाध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्षको निकटतम सम्पर्कमा रही कार्य गर्ने ।

ख) समितिको नाममा जम्मा हुन आएको चलअचल, नगद, जिन्सी आदि सम्पत्तीको जिम्मा लिई त्यसको हिसाब किताब तथा श्रेष्ता अध्यावधिक राख्ने ।

ग) समितिको आर्थिक कारोबारको रेखदेख र नियन्त्रण गर्ने ।

घ) प्रत्येक आम्दानी र खर्चको फाँटवारी तयार गरी दुरुस्त राख्ने ।

ङ) प्रत्येक वर्ष कम्तीमा वर्षको एक पटक उपभोक्ता समूहको भेलामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई खर्चको अनुमोदन गराउने ।

च) अध्यक्ष संगको संयूक्त दस्तखतमा बैंकमा समितिको खाता खोली संचालन गर्ने ।

छ) खानेपानी तथा सरसफाई आयोजना संचालनमा नियमानुसार उपभोक्ता समितिको दायित्व पुरा गर्न श्रोत परिचालन गर्ने काम लगायत अन्य काममा अध्यक्षलाई सहयोग र सल्लाह दिने ।

ज) आफ्नो समूहका उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धी समय समयमा जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

झ) अन्य आवश्यक तोकिएको काम गर्ने ।

**१२.४. सचिव :** सचिवको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) समितिको निर्णय बमोजिम उपभोक्ता समूहको भेला बोलाउने ।

ख) अध्यक्षको आदेश बमोजिम उपभोक्ता समितिको भेला बोलाउने ।

ग) उपभोक्ता समूह र समितिको भेलाको छलफल तथा निर्णयहरुको अभिलेख राख्ने ।

घ) उपभोक्ता समूह र उपभोक्ता समितिको भेलाको निर्णयहरु प्रमाणित गर्ने ।

ङ) उपभोक्ता समितिको भेलामा समितिको बार्षिक प्रतिवेदन पेश गर्ने ।

**१२.५. सदस्य :** सदस्यहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) समितिको भेलामा सक्रिय रुपले भाग लिने ।

ख) अध्यक्षको निर्देशानुसार आयोजनको स्थायीत्वको निमित्त कार्य गर्ने ।

ग) आफ्नो समूहका उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

घ) आयोजना सम्बन्धी कुनै समस्या आइपरेमा उचित तवरले समाधान गर्न प्रयत्न गर्ने ।

ङ) समिति र उपभोक्ता समूहको भेलाले निर्णय गरेका कुराहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

**१२.६. सल्लाहकारको व्यवस्था :**

उपभोक्ताहरुको भेलाले सम्बन्धीत आयोजना भित्रका उपभोक्ताहरु वा आयोजना भित्रका उपभोक्ताहरु नभएका तर गा.पा. मा प्रतिष्ठित व्यक्तिहरुसंग सल्लाह लिन आवश्यक ठानेर राख्न चाहेमा बढीमा ३ जना सम्म सल्लाहकार राख्न सक्नेछन् तर यस्ता सल्लाहकारहरुको निर्णय गर्ने अधिकार भने हुने छैन ।

## परिच्छेद - ३

### १३. कोषको व्यवस्था :

समितिको कोषको श्रोत देहाय बमोजम हुनेछ :

क) समितिको कुनै श्रोतबाट प्राप्त चन्दा, पुरस्कार, आर्थिक सहायता तथा अनुदान ।

ख) दण्डजरिवानाबाट उठेको रकम ।

ग) समितिले प्राप्त अनुदान गरेको रकम ।

घ) उपभोक्ताहरुबाट उठाईएको पानी महशुल लगायत अन्य रकम ।

ङ) निर्माण वा अन्य श्रोतहरुबाट आयोजनामा बचत भएको रकम वा अन्य श्रोतबाट प्राप्त रकम ।

### १४. मर्मत संभार कोष (अक्षय कोष) :

क) ल.ई.को १% ले हुने रकम उपभोक्ताहरुबाट संकलन गरी एक मर्मत संभार कोष खडा गरिनेछ ।

ख) यो कोषको रकम मुद्दती खातामा राखी यसको व्याजबाट आएको रकम साधारण कोषमा दाखिला गरी अत्यावश्यक भएमा मर्मत संभारको लागि झिक्न सकिनेछ ।

### १५. साधारण कोष (वचत/चालुखाता) :

क) आयोजनको कार्य संचालनका लागि मर्मत संभार कोषको व्याजबाट प्राप्त रकम तथा पानी महशुल उठाई प्राप्त गरेको रकम लगायत अन्य श्रोतबाट प्राप्त रकम सबै रकम जम्मा गरी एक साधारण कोष खडा गरिने छ ।

ख) समितिको तर्फबाट गरिने सबै खर्च यसै कोषबाट व्यहोरिनेछ ।

ग) यो कोषको संचालन उपभोक्ता समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

### १६. चल, अचल सम्पत्ती :

उपभोक्ता समिति एक अविच्छिन्न उत्तराधिकारी भएको हुंदा आयोजना निर्माण हुनु अघि र पछि समितिको नाममा प्राप्त सबै प्रकारको चल अचल सम्पत्ती उपर समितिको स्वामित्व हुनेछ ।

### १७. लेखा परिक्षण :

क) समितिको खर्चको लेखा परिक्षण प्रत्येक वर्ष आश्विन महिना भित्र उपभोक्ता समितिको भेलाले नियूक्त गरेको लेखा परिक्षकबाट गराईनेछ ।

ख) लेखा परिक्षणको प्रतिवेदन अनिवार्य रुपमा खा.पा.का.मा पठाईनेछ ।

## परिच्छेद - ४
## विविध

### १८. अविश्वासको प्रस्ताव :

क) समितिको कुनै वा सबै पदाधिकारी विरुद्ध पद अनुसारको आचरण नगरेको भनी उपभोक्ता समुहका २५ प्रतिशतले लिखित निवेदन समितिमा दर्ता गरेमा अध्यक्षले निवेदन दर्ता भएको ७ दिन भित्र उपभोक्ता समुहको भेला बोलाउनेछ र सो भेलामा खानेपानी योजनाबाट लाभान्वित हुने कम्तीमा ५० प्रतिशत घर धुरी संख्याको सदस्य उपस्थित हुनुपर्नेछ । यसरी उपस्थित सदस्यको २/३ बहुमतले सो प्रस्ताव पारित गरेमा निज पदाधिकारी आफ्नो पदबाट हट्नेछ ।

ख) तर उपभोक्ता समूह वा समितिले अविश्वासको प्रस्ताव राखेको त्यस्तो पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मौका दिईनेछ ।

### १९. सदस्यताबाट मुक्त हुने अन्य अवस्था :

क) मृत्यू भएमा ।

ख) बसाई सरी अन्यत्र गएमा ।

ग) कुनै पदाधीकारी आफ्नो पदबाट हट्न चाही अध्यक्ष समक्ष राजीनामा पेश गरेमा तथा त्यस्तो राजीनामा समितिको बहुमतबाट स्वीकृत भएमा ।

घ) कुनै पदाधिकारी मनासिव कारण नदेखाई बिना सूचना लगातार ३ पटक सम्म समितिको भेलामा अनुपस्थित भएमा त्यस्तो पदाधिकारीलाई समितिको निर्णयानुसार पदबाट मुक्त गर्न सकिने छ ।

ङ) मानसिक असन्तुलन भएमा वा बौलाएमा ।

च) अन्य नैतिक पतनका काम गरि समितीलाई आँच आउने देखिएमा

## परिच्छेद - ५

**चौकुने गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७४को उपखफा (१)बमोजिम वातावरणिय प्रभाव र यसको व्यवस्थापन सम्बन्धि कार्य देहाय बमोजिम हुनेछ । :**

१) पानी टंकी वा इनटैंक निर्माण गर्दा वातावरणिय प्रतिकुल हेरेर मात्र निर्माण गर्नुपर्नेछ ।
२) इन्टैंक वा पानी टंकी निर्माण पछि उक्त स्थानमा रुख विरुवा रोपी संरक्षण गरिनेछ ।
३) पाइपको वरपर रुख बिरुवा रोपिनेछ ।
४) खानेपानीको आपूर्ति भएपछि आयआर्जन बढ्ने छ ।
५) समयको बचत हुनेछ ।
६) फोहोर पानीका कारण लाग्ने रोगमा कमी आउनेछ ।
७) समुदाय हराभरा, सफा र स्वस्थ देखिनेछ ।
८) शिक्षा,रोजगार, आयआर्जनको विकास हुनेछ ।
९) वातावरण प्रदुषण हुनबाट जोगिनेछ ।
१०) बाढी पहिरोमा केहीहद सम्म कमी हुनेछ ।
११) खानेपानी आयोजना निर्माण गर्नु पूर्व वातावरणिय प्रभावका बारेमा सरोकारवालालाई जानकारी गराइनेछ ।
१२) पाइपलाइन वा टंकी र पानी टंकी निर्माणका क्रममा आएको माटो,ढुङ्गालाई समुचित तरिकाबाट व्यवस्थित गरिनेछ ।

### २०. समिति भंग हुन सक्ने अवस्था :

उपभोक्ता समूहको भेलामा उपस्थित ५०% भन्दा बढी घरधुरी संख्याको उपभोक्ताहरु मध्ये दुई तिहाई उपभोक्ताहरुको सहमतीबाट समितिले राम्रो काम गरेका छैन भन्ने ठानेर हालको उपभोक्ता समिति भंग गर्ने निर्णय गरेमा त्यस्तो समिति भंग हुनेछ । तर आयोजनको काममा बाधा पर्न नदिन तुरुन्त सोही भेलाले समिति गठन गर्नु पर्नेछ ।

### २१. विधान संशोधन तथा नियमावली तर्जुमा :

क) यस विधानको दफाहरु आवश्यकता अनुसार संशोधन गर्नु परेमा समितिले संशोधन गरी उपभोक्ता समूहको भेलाद्वारा अनुमोदन गराउनुपर्नेछ । यसरी उपभोक्ता समूहको बहुमतले पारीत गरेका संशोधन सम्बन्धी प्रश्ताव स्थानीय प्रशासन कार्यालयको स्वीकृती भएको मिति देखी लागु हुनेछ ।
ख) समितिले यो विधान बमोजिको उद्देश्य प्राप्त गर्न अन्य नियम आफै बनाउन सक्नेछ ।
ग) यो विधान प्रारम्भ हुदा बहाल रहेको समिति यसै विधान बमोजिम गठन भएको मानिने छ ।

### २२. खारेजी बचाउ :

क) यो विधान पारीत भई लागू हुन अगाडी उपभोक्ता समितिको भेलाबाट निर्णय भई सम्पादन भएका कार्यहरु यसै विधान बमोजिम भए गरे सरह मानिनेछ ।
ख) यस विधान अन्तरगत गठीत उपभोक्ता समिति आयोजना संचालन रहने अवधि भर कायम रहनेछ ।
ग) कुनै परिस्थितिमा समिति कायम रहन नसक्ने अवस्था आईपरेमा समितिको सम्पूर्ण चल अचल सम्पत्ती नेपाल सरकारको हुनेछ ।
३) यस विधानमा नभएको वा प्रचलित नेपाल कानून संग बाझिएको हकमा प्रचलित नेपाल कानून बमोजिम र अरु कुराका हकमा यसै विधान बमोजिम हुनेछ ।

### २३. कार्यसमितिको विवरण :

| क.स. | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |

## अनुसूची-३

(दफा २२ को उपदफा ३ सँग सम्वन्धित )

<u>व्यवशाय दर्ताको लागि दिईने दरखास्त फारम</u>

विषय : फर्म दर्ता गरि पाऊँ भन्नेबारे ।

श्री ....................................................

.............................................................

चौकुने गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७५ को दफा २२ को उपदफा ३ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि व्यवशाय दर्ता प्रमाण-पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ :-

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको:-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं. :-

फ्याक्स नं.:-

ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

प्राईभेट ( )

एकलौटी ( )

साझेदारी ( )

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन :-

फ्याक्स :-

ईमेल :-

मोबाइल न. :-

४. फर्म वा कम्पनीको विवरण :-

प्रतावित नाम. :-

ठेगाना :-

अचल सम्पति

कूल पूजी :-

जारी पूजी :-

५. अचल सम्पति विवरण :-

| क. स. | सम्पतिको सूचि | कित्ता न.(जगा वा भवनका हकमा) | परिमाण(क्षेत्रफल जगा वा भवनका हकमा ) | स्वामित्व | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तिय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

७. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

८. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको वा उपकरणहरुको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) भएको हुनु पर्नेछ ।

९. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धि कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादार कार्यालयको नाम |
|---|---|---|---|---|
| १ | भवन निर्माण तथा मर्मत संभार | | | |
| २ | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३ | विमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४ | बाँध, नहर, जलाशय, पानी ट्याङ्की तथा ढल निर्माण, पाईप विछ्याउने तथा मर्मत सम्भार | | | |
| ५ | सुरुङ, भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मर्मत संभार | | | |
| ६ | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | |
| ७ | हाइड्रोलिक स्ट्रक्चर | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९ | अन्य | | | |

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाँउला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ।

# अनुसूची-४

(दफ २२ को उपदफा ४ सँग सम्वन्धित )

प्र.प.द.न. -

## प्रमाण-पत्र

श्री....................................................................................... संवत ............ साल................. महिना..............गते रोज ........मा यो........... फर्म चौकुने गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७५ बमोजिम रजिष्टर गरि यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

प्रोप्राइटरको नाम :.................................................................

ठेगाना :............................................................................

फर्मको ठेगाना :........................................................................

कूल पूँजी :.................................................................................

उद्देश्य :...................................................................................

.............................

मिती....................... प्रमुख प्रशासकिय अधिकृत

यो व्यवशाय चौकुने गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७५ र सोही ऐनको दफा.............अनुसार चौकाने गाउँपालिका अर्न्तगत दर्ता गरिएको छ ।

**नवीकरण**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधी | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**आज्ञाले**

**कालीदाश बस्याल**

**प्रमुख प्रशासकिय अधिकृत**